**मधुवन नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ६ संख्याः ६ प्रमाणीकरण मितिः २०७९।१२।१०**

**प्रकाशन मितिः २०७९।१२।१०**

**भाग-२**

**मधुवन नगरपालिका**

## नगर खेलकुद विकास समिति (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९

**प्रस्तावनाः**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखि सु–संस्कृतसमाजको निर्माण गर्न, स्वस्थ एवम अनुशासित नागरिकको पहिचान वनाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा खेलाडीहरु उत्पादन गरी खेलकुदको क्षेत्रलाई विकास गर्नवान्छनिय भएकोले मधुवन नगरपालिकाको प्रशासकिय कार्यविधी (नियमीत गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाको मिति २०७९/१२/१० वसेको वैठकले स्विकृत गरी यो “नगर खेलकुद विकास समिति (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ जारी गरीएकोछ ।

## परिच्छेद–१
## नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम **"नगर खेलकुद विकास समिति (सञ्चालन तथा व्यवस्थापन)२०७९"** रहने छ ।

ख) यो कार्यविधि कार्यपालिकावाट पारित भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कार्यविधि" भन्नाले "नगर खेलकुद विकास समिति (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि२०७९" भन्ने सम्झनुपर्छ ।

ख) "नगरपालिका " भन्नाले मधुवन नगरपालिकालाई सम्झनु पर्छ ।

ग) "कार्यपालिका " भन्नाले मधुवन नगरपालिका नगरकार्यपालिकालाई सम्झनुपर्छ ।

घ) "प्रमुख " भन्नाले मधुवन नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

ङ) "प्रमुखप्रशासकीय अधिकृत" भन्नाले मधुवन नगरपालिकाको प्रमुखप्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) "नगर खेलकुद विकास समिति" भन्नाले दफा ४ बमोजिमको गठित नगरखेलकुद समिति भन्ने सम्झनु पर्छ।

छ) "अध्यक्ष" भन्नाले  नगर खेलकुद विकास समितिको अध्यक्षलाई सम्झनु पर्छ।

ज) "सदस्य -सचिव" भन्नाले  नगर खेलकुद विकास समितिको सदस्य -सचिवलाई सम्झनु पर्छ।

झ) "पदाधीकारी सदस्य " भन्नाले समितिको सम्पूर्ण सदस्यलाई सम्झनु पर्छ ।

ञ) "टिम, क्लब, संघ, संस्था" भन्नालेमधुवन नगरपालिकामा तोकिएबमोजिम दर्ता भएका मधुवन नगर क्षेत्र भित्रका टिम, क्लब र संघसंस्थाहरुलाई सम्झनु पर्छ ।

ट) "खेलकुद" भन्नाले मधुवन नगरपालिकाको आयोजन वा स्विकृति वा सहमति टिम, क्लब, संघसंस्था संग सम्बद्ध खेलाडीलाई सम्झनुपर्छ ।

ठ) "खेलाडी" भन्नाले टिम, क्लब, संघसंस्था संग सम्बद्ध खेलाडीलाई सम्झनुपर्छ ।

ड) "प्रशिक्षक" भन्नाले मधुवन नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघसंस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद शिक्षकलाई सम्झनु पर्छ ।

ढ) "प्रशिक्षार्थी" भन्नाले नगर खेलकुद विकास समिति द्धारा संचालित खेलकुद प्रशिक्षकमा सहभागी खेलाडी, टिम, क्लब, संघसंस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

ण) "प्रोत्साहन " भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरुस्कारलाई सम्झनु पर्छ।

## परिच्छेद–२

## उद्देश्य

३. नगर खेलकुद विकास समितिका उद्देश्यहरु देहाय वमोजिम हुनेछ:

क) मधुवन नगरपालिकाभित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धागर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्ने ।

ख) नगरभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षणनिकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाज प्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने ।

ङ) खेलकुदको माध्यमबाट मधुवन नगरवासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने ।

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघ संस्था, विद्यालय र सरकारी निकायहरुसँग समन्वय गर्ने ।

ज) खेलकुद गतिविधीहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायामखेलकुद व्यवस्था गर्न सहयोग पुर्याउने।

ञ) टिम, क्लब, संघसंस्था, विषयगत खेलप्रशिक्षण समिति,वडास्तरीय खेलकुद समितिहरुको गठन तथा व्यवस्थापन गर्ने गराउने ।

ट) नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुका खेलकुद प्रशिक्षकहरुको व्यवस्थागर्न प्रोत्साहन गर्ने ।

ठ) नगर खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

## परिच्छेद–३

## खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

४.मधुवन नगरखेदकुद विकास समितिको गठन : (१) खेलकुदको विकास गर्नको लागि मधुवन नगरपालिकामा ११ सदस्यीय मधुवन नगरखेलकुद विकास समितिदेहाय बमोजिमको पदाधिकारी रहने गरी गठन हुनेछ ।

क) नगर प्रमुखले मनोनित गरेको खेलकुद सँग सम्वन्धित व्यक्ति– १ जना अध्यक्ष

ख) दर्ता भएका खेलकुद क्लवहरु मध्येवाट कार्यपालिकावाट मनोनित -४ जना सदस्य

ग) राष्टिय तथा अन्तराष्ट्रिय खेलकुद विधामा सहभागी भएका पुर्व खेलाडीहरु मध्येवाट कार्यपालिकावाट मनोनित कम्तीमा एक जना महिला सहित– ३ जना सदस्य

घ) पुर्व खेलाडी तथा खेलविज्ञहरु मध्येवाट नगरप्रमुखवाट मनोनीत -१ जना सदस्य

ङ) मधुवन नगरपालिका भित्र सामुदायिक विद्यालयमा खेल  खेलाउने शिक्षक मध्येवाट नगरप्रमुखवाट मनोनीत – १ जना सदस्य

च) शिक्षा, युवा तथा खेलकुद शाखाको शाखा प्रमुख १ जना सदस्य सचिव

(२) उल्लेखित सदस्यहरु मध्येवाट नगर खेलकुद विकास समितिले उपाध्यक्ष मनोनित गर्नुपर्नेछ ।

५. नगर खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ४ वर्षको हुनेछ ।

६. अध्यक्षले कुनै कारणले पदवाट राजिनामा दिन चाहेमा प्रमुख समक्ष र सदस्यले अध्यक्ष समक्ष राजिनामा दिनु पर्नेछ ।

७. पदावधि वाकी हुदै कुनै कारणवाट पद रिक्त भएमा निज जुन प्रकारले नियुक्ती भएको होसो पदमा वाकी अवधिकालागि सोही प्रकारले अर्को सदस्य मनोनयन हुने छ।

८. समितिका कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनि नगर कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी वा सदस्यलाई पदवाट हटाउन वा फिर्ता वोलाउन सक्नेछ । साथै त्यसरी रिक्त भएको पदमा वाकी अवधिका जुनप्रकारले नियुक्ती भएको छ सोही प्रकारले नयाँ नियुक्ती गर्न सक्ने छ ।

९. समिति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहायवमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक

ख) नगरपालिका क्षेत्रभित्रको स्थायी वासिन्दा (सदस्य सचिव वाहेक) भएको

ग) खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको

घ) प्रचलित कानुनले अयोग्य नभएको।

१०. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नगरपालिका तथा नगरसभाले स्वीकृत गरेको वजेटको सिमा भित्र रहि खेलकुद सञ्चालन गर्ने ।

ख) खेलकुद क्षेत्रका विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने ।

ग) अन्य गाँउपालिका वा नगरपालिकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा मधुवन नगरक्षेत्र भित्रका खेलाडी टिम वा क्लवलाई आवश्यकताका आधारमा सहभागी गराउने।

घ) खेलकुद सम्बद्ध कार्यका लागि वार्षिक योजना तयार गरी नगर सभाको बैठक अगाडी नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने ।

ङ)  निजि क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदारी गराउने।

च) खेलाडी, प्रशिक्षक, निर्णायकहरुलाई तालिम तथा प्रतियोगिताहरुमा सहभागी गराउने ।

छ) खेलकुद क्षेत्रमा क्रियाशील व्यक्तिहरुलाई सम्मानित, पुरस्कृत गर्न सिफारिस गर्ने ।

ज) खेलकुदको विकासका लागि संघिय सरकार, प्रदेश सरकार र अन्तर स्थानिय सरकारसँग सम्पर्क,समन्वय र सहकार्य गर्ने।

झ) खेलकुद क्षेत्रको विकासको लागि भौतिक निर्माण, कवर्डहल ,खेल मैदान, खेलाडी उत्पादन, प्रशिक्षक तथा निर्णायक व्यक्ति उत्पादन र स्तर वृद्धिको योजना बनाई नगरपालिकामा पेश गर्ने।

ञ) वडासम्म खेलकुद विकास गर्न वडास्तरमा समेत खेलुकुद समिति गठन रकार्यक्रम संचालन गर्ने ।

ट) सम्बन्धित क्षेत्रको अन्य विविध कार्यहरु गर्ने गराउने ।

११ वडा स्तरीय खेलकुद समिति गठन गर्ने: नगर खेलकुद समितिले न.पा. भित्रका सबैवडाहरुमा नगरखेलकुदको समन्वयमा वडा स्तरीय खेलकुद प्रतियोगीता सञ्चालन तथाविकास लागि वडा अध्यक्षको संरक्षकत्वमा तपशिल वमोजीम ७ सदस्यिय वडा स्तरीय खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

क) वडाअध्यक्षले मनोनित गरेको –१ जना अध्यक्ष

ख) वडा खेलकुद विकास समीतीले खेलप्रेमी वा खेलाडीहरु मध्येवाट मनोनित– ३ जना सदस्य

ग) पुर्व खेलाडीहरु मध्येवाट वडा अध्यक्षवाट मनोनीत -१ जना सदस्य

घ) सम्वन्धित वडाको विद्यालयमा खेल खेलाउने शिक्षक मध्येवाट समितिवाट मनोनीत–१ जना सदस्य

ङ) सम्वन्धित वडाको वडा सचिव –सदस्य सचिव

१२.खेलकुद विकास संरक्षण समिति: क) नगर भित्रको खेलकुदको संरक्षण, सम्वद्धन र प्रवद्धन गर्ने मुख्य जिम्मेवारी नगरप्रमुख नै प्रमुख संरक्षक रहने गरी तपशिलको संरक्षक समिति रहनेछ।

प्रमुख संरक्षक - नगरप्रमुख

संरक्षक - नगर उपप्रमुख

सदस्य - सामाजिक विकास संयोजक

सदस्य सचिव - प्रमुख प्रशासकिय अधिकृत

ख) खेलकुद विकास संरक्षण समितिले खेलकुद विकास समितिलाई निर्देशन दिन सक्नेछ। उक्त निर्देशनलाई पालना गर्नु खेलकुद विकास समितिको कर्तव्य हुनेछ।

## परिच्छेद–४

## नगर क्षेत्रभित्रका टीम, क्लब र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

१३. मधुवन नगरपालिका भित्रका क्लब/संस्था आदिले नगर खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न नगरपालिकाले तोकेको दस्तुर तिरी अनुसुची १ वमोजिमको ढाँचामा क्लब/संस्था दर्ता गर्नु पर्नेछ र नगरपालिकाले अनुसुची २ वमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ।

१४. दर्ता भएका क्लब/संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगरखेलकुद विकास समितिबाट स्वीकृत लिनु पर्नेछ । स्वीकृतीको प्रक्रिया नगर खेलकुद समितिले तोके बमोजिम हुनेछ ।

१५. दर्ता र नवीकरण गर्नु भन्दा पहिले नगर खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

१६. दर्ता भएका क्लव/संस्थाले हरेक वर्ष नविकरण गर्नुपर्नेछ र नभएमा वार्षिक रु ५०० का दरले जरीवाना गरीनेछ।

१७. नगरपालिकामा दर्ता भई नगर खेलकुद समितिवाट स्वीकृत लिएका टीम, क्लब, संघसंस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालनगर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद विकास समितिले बजेट सिमा भित्र रही आर्थिक सहयोगको लागी नगरपालिका समक्ष सिफारीस गर्नेछ।

## परिच्छेद–५

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१८. अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टीम, क्लब, संघ संस्था वा विद्यालय, क्यापसलाई सहभागी गराइनेछ।

१९. खेलकुद समितिले नगरपालिकाको स्विकृती अनुसार नगरपालिका, क्षेत्र भन्दा बाहिर सहभागी हुनजाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई न्युनतम सुविधा प्रदान गरिनेछ ।

२०. नगर खेलकुद विकास समितिले नगरपालिकाको स्वीकृतीले नगर क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद–६

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२१. नगर खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागिआवश्यकतानुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२२. प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन चाहेमा सम्बन्धित वडाको सिफारिस सहित नगर खेलकुद विकास समितिमा निर्धारित फाराम बुझाई आवेदन दिनु पर्नेछ ।

२३. प्रशिक्षार्थीको फाराम तथा अन्य शुल्क समितिको सिफारीसमा नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

२४. कुनै खेल प्रशिक्षणको लगि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा दुई जनाप्रशिक्षक सेवा करारमा नियुक्ति नगरपालिकावाट हुनेछ।

२५. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ ।आवश्यकतानुसार म्याद थपघट गर्न सकिन्छ ।

२६. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान सम्बन्धित व्यक्ति आफैले जुटाउनु पर्नेछ ।

२७. प्रशिक्षणमा सहभागि हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षकको उपलब्धताका आधारमा नगर खेलकुद विकास समितिले शुल्क लिन सक्नेछ ।

२८. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनुपर्नेछ ।

२९. प्रशिक्षकले कम्तिमा दिनको तिन घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३०. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा नगर खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३१. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमानगरपालिकालाई अनुरोध गरी स्वीकृती भए अनुसार गरिनेछ ।

## परिच्छेद–७

## नगर खेलकुद विकास कोषको व्यवस्था

३२. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३३. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछः

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संघ, संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम

ख) नगरपालिकाबाट प्राप्त रकम

ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम

ङ) नगरभित्रका टीम, क्लबवाट आवेदन शुल्क, फाराम शुल्क र प्रशिक्षकबाट प्राप्त शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क

च) समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम

३४. यस कोषको संचालन प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको हस्ताक्षरबाट हुनेछ ।

३५. नगर खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो खर्च गरी त्यसपछि बस्ने समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

३६. कोषको रकम खेलकुद गतिविधि संचालनका अतिरीक्त खेलकुद पूर्वाधार निर्माण, मर्मतसम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।

३७. कोषको कूल आम्दानीको १०% भन्दा बढी कार्यालय प्रयोजनको लागि तलबभत्ता वा प्रशासनिक खर्च गर्न पाइने छैन । सो भन्दा बढी खर्च हुने अवस्था आएमा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

## परिच्छेद–८
## आचारसंहिता

**३८.** खेल सम्बन्धी विषयका खेलाडी, समिति अध्यक्ष तथा सदस्य, कर्मचारी नगरकार्यपालिका र सभा सदस्यले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछः-

क. खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिवन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाईने छैन।

ख. खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन। तर, विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैरनेपाली टिमलाई मान्यता दिइनेछ ।

ग. प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्ता वा लाटिमलाई मात्र मान्यता दिइनेछ ।तर, कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ ।

घ. नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ ।साथै खेलमा सहभागिता समेत गराइने छैन ।

ङ. खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहिँ कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन। तर, कुनै दर्ता वाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी नगरपालिकाको स्वीकृतिमा अर्को दर्ता वालक्लवलाई उपहार दिन भने वाधा पर्ने छैन ।

च. कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन ।तर, संरक्षण गर्न बाधा पर्ने छैन।

छ. खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

ज. खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेक अपरचित्र प्रदर्श नगर्न पाउने अन्तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ. खेलको प्रतिस्पर्धा निम्ति नगरपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती चन्दा उठाउन पाइने छैन ।

ञ. नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई

सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट. यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सुचीकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

## परिच्छेद–९.

## दर्ता र स्वीकृती :

क) नगरकार्यपालिका भित्र गठित कुनै पनि संघ संस्था वाक्लव वा खेलकुद सँग सम्बन्धित संस्था नगरपालिकामा दर्ता गर्नु पर्नेछ। खेलकुदसँग सम्बन्धि दर्ता नभएका संस्था वाक्लवलाई खेल संचालन गर्न नगरपालिकाले स्वीकृति दिने छैन।

ख) संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूचि १ को ढाँचामा निवेदन दिईनु पर्नेछ ।

ग) संस्था दर्ता र विधान स्वीकृतिको लागि निबेदन पर्न आएमा नगरपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूचि २ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ ।

घ) पहिले नै दर्ता भइ सकेको संस्था भए नगरपालिकामा सुचिकृतको लागि अनुसूची- ३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

ङ) सुचिकृत भएका संस्थाहरुलाई अनुसुची- ४ बमोजिम प्रमाणपत्र दिईनेछ ।सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गनु पर्नेछ ।

च) दर्ता वा सुचिकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसुचि – ५ बमोजिमको ढाँचामा हुनु पर्ने ।

छ) नगरपालिकामा दर्ता वा सुचिकृत गर्दा आवेदन फारम शूल्क स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ ।

ज) प्रत्येक वर्षको असार मसान्त भित्र सवै दर्तावाल वा सूचिकृत संस्थाहरुले नगरपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ ।

३९. जरिवाना : दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा नगरपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ ।

४०. पाँच वर्ष भन्दा बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन ।

४१. समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।

४२. संस्थाको विघटन: दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्ने छन्:-

क. संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

ख. लगातार ५ वर्षसम्म संस्था नवीकरण नगरेमा,

ग. संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

घ. प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षतविक्षत भएमा ।

४३. विघठित संस्थाको सम्पत्ति: विगठीत भएको संस्थाको सम्पत्ति नगरपालिकामा रहनेछ ।

४४. खारेजी र बचाऊ: यस अघि प्रचलित खेलकुद सम्बन्धित निर्णय र नीति नियमहरु खारेज हुनेछ । यस अघि भएका खेलकुदका गति विधीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## विविध

४५. नगरपालिकाले तोके बमोजिमको समितिको छुट्टै छाप, लेटरप्याड र साइनबोर्ड हुनेछ।

४६. कर्मचारी तथा अन्य आवश्यकताका बारेमा नगरपालिकासँग समन्वय गरी गर्नुपर्नेछ।

४७. नगरपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्नेछ ।

४८. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनु परेमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

४९. वाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्था:यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा फुकुवाका लागी नगरकार्यपालिकाको बैठकले आवश्यक निर्णय गर्नेछ।

आज्ञाले

धर्मराज न्यौपाने

**(दफा १३ को उपदफा (ख) सँग सम्बन्धित )**

**अनुसूची- १**

मितिः .............................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

मधुवन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

मधुवन, बर्दिया ।

**विषय: संस्था दर्ता सम्बन्धमा।**

म / हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरीसकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेकोछु / छौं। नियमानुसार संस्था दर्ता गरिदिनु हुन अनुरोध छ।

संस्थाको नामः

संस्थाको कार्यालय रहने स्थानः मधुवन नगरपालिका वार्ड नं .....

अध्यक्षको नामः

हस्ताक्षर:

सचिव नामः

हस्ताक्षर:

**<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>**

क. संस्था विधानको मस्यौदा,

ख. आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि,

ग. संस्थाको छापको नमूना ।

संस्था कोनाम :

ठेगाना :

( दफा १३ को उपदफा सँग सम्बन्धित )

अनुसूची- २

मधुवन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मधुवन, वर्दिया ।

**<u>संस्था दर्ता प्रमाणपत्र</u>**

दर्ता हुदाँको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या:
दर्ता हुदाँको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ । मधुवन नगर खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

संस्था नविकरणको विवरण

| क्र.स. | संस्थाको नाम | संस्था नविकरणको मिति | नविकरण दस्तुर र बिल | नविकरण गर्ने कर्मचारीको सही र छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(दफा १३को उपदफा (घ) सँग सम्बन्धित )

अनुसूची- ३

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मधुवन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मधुवन, बर्दिया।

**विषयः संस्था सुचिकृत गरिदिनु हुन।**

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं ।नगरपालिकाको नियमानुसार संस्था सुचिकृत गर्नुपर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरु

क. दर्ता प्रमाणपत्र,
ख. संस्थाको विधान,
ग. गत आ.ब. को लेखा परीक्षण प्रतिवेदन,
घ. करचुक्ता प्रमाणपत्र,
ङ. समितिको निर्णय।

अध्यक्षको नामः
हस्ताक्षरः
मितिः

सचिवको नामः
हस्ताक्षरः
मितिः

(दफा १३ को उपदफा (ङ) संग सम्बन्धित)

अनुसूची- ४

श्री मधुवन नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
मधुवन, वर्दिया।

## संस्था सुचीकृत प्रमाण पत्र

संस्थाको नाम :
ठेगाना :
दर्ता हुँदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः
दर्ता हुँदाको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्था सुचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । मधुवन नगर खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

संस्था नविकरणको विवरण

| क्र.स. | संस्थाको नाम | संस्था नविकरणको मिति | नविकरण दस्तुर र बिल | नविकरण गर्ने कर्मचारीको सही र छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(दफा १३ को उपदफा (च) संग सम्बन्धित )

अनुसूची-५

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मधुवन नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
मधुवन, वर्दिया।

विषय: संस्था नवीकरण गरी पाउँ।

यस नगरपालिकामा दर्ता/सुचिकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागजपत्र संलग्न राखी नवीकरण गरी पाउँ भनी निवेदन गर्न आएको छु / छौं ।गत आर्थिक बर्ष को संस्था नवीकरण भएको प्रमाणका साथ आवेदन गरेको छु/छौं।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क. आर्थिक वर्ष ………………… को लेखापरीक्षण प्रतिवेदन,
ख. संस्थाको वार्षिक गतिविधि,
ग. भावी योजना र बजेट

आज्ञाले
धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत